# कृपा
## राष्ट्रिय दैनिक

e-kripa.com

वर्ष २३, अंक-२११ बारा, २०८३ असोज ७ गते बुधबार / द्वादशी / नेपाल संवत् ११४६ / Wednesday, September 23 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## एक सय५४ ग्राम खैरो हेरोइनसहित दुई जना पक्राउ



वीरगञ्ज, ६ असोज / पर्सा प्रहरीले एक सय ५४ ग्राम खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्युरो र जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको संयुक्त टोलीले मंगलबार वीरगञ्ज महानगरपालिका(१५ बाट उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पर्साको छिपहरमाई गाउँपालिका(२ का ४६ वर्षीय रेयाद आलम र जगरनाथपुर गाउँपालिका(६ का ३७ वर्षीय सन्तोषप्रसाद पटेल रहेका छन् ।

प्रहरीका अनुसार उनीहरूको साथबाट एक सय ५४ ग्राम खैरो हेरोइन, भारतीय नम्बरको एक थान मोटरसाइकल र पाँच थान मोबाइल फोन बरामद गरिएको छ ।

पक्राउ परेका दुवै जनामाथि लागूऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

ऐनमा खैरो हेरोइनजस्ता लागूऔषधको कारोबारसम्बन्धी कसुरमा कसुरको मात्रा तथा प्रकृतिअनुसार १५ वर्षदेखि जन्मकैदसम्मको सजाय र पाँच लाखदेखि २५ लाख रुपियाँसम्म जरिवानाको व्यवस्था रहेको छ ।

## एआईजी शाहद्वारा पथलैयास्थित ट्राफिक प्रहरी कार्यालयको निरीक्षण

सिमरा, ६ असोज / नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआईजी) एवं कार्यदक्षता मूल्याङ्कन समितिका संयोजक सिद्धीबिक्रम शाहले बाराको पथलैयास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको निरीक्षण गर्नुभएको छ ।

मंगलबार शाह नेतृत्वको टोलीले कार्यालयको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, उपलब्ध स्रोतसाधन तथा ट्राफिक व्यवस्थापनसम्बन्धी गतिविधिको निरीक्षण तथा अनुगमन गरेको हो ।

निरीक्षणका क्रममा एआईजी शाहले कार्यालय परिसरमा वृक्षरोपण गर्नुभएको थियो । उहाँले कार्यरत प्रहरी कर्मचारीलाई कर्तव्यपालन, सेवाप्रवाह तथा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा आवश्यक निर्देशन दिनुभएको थियो ।

कार्यालयको कार्यसम्पादन, उपलब्ध स्रोतसाधनको अवस्था तथा सेवा प्रवाहका विषयमा समेत टोलीले जानकारी लिएको थियो ।

निरीक्षण टोलीमा प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्य, वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द



मरासिनीलगायत सहभागी हुनुहुन्थ्यो ।

निरीक्षणका क्रममा टोलीलाई नेपाल प्रहरी प्रदेश कार्यालय वीरगञ्जका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कृष्णबहादुर पल्ली मगर, वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकाल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख एवं ट्राफिक प्रहरी उपरीक्षक ज्ञानेन्द्र बस्नेत, जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवर, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्ट तथा ट्राफिक प्रहरी नायब उपरीक्षक नवराज न्यौपानेलगायतले स्वागत गर्नुभएको थियो ।

कार्यदक्षता मूल्याङ्कनअन्तर्गत गरिएको निरीक्षणबाट कार्यालयको कार्यसम्पादन, ट्राफिक व्यवस्थापन तथा सेवा प्रवाहमा आवश्यक सुधारका लागि सुझाव र निर्देशनसमेत प्रदान गरिएको जनाइएको छ ।

## वीरगञ्जमा सार्वजनिक जग्गा अतिक्रमण हटाइयो, ८४ करोडको योजना अघि बढ्ने


वीरगञ्ज, ६ असोज/ वीरगञ्ज महानगरपालिका(२० अपौनीमा अतिक्रमण गरी बनाइएका घर तथा टहरा हटाइएको छ ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा मंगलबार भौतिक अतिक्रमण नियन्त्रण समितिका संयोजक तथा वडा नं. ५ का अध्यक्ष प्रदीपकुमार चौरसियाको नेतृत्वमा नेपाल प्रहरी र नगर प्रहरीको संयुक्त टोलीले सार्वजनिक जग्गामा बनाइएका संरचना हटाएको हो ।

महानगरपालिकाका अनुसार स्थानीय हृदयनारायण सिंह, लक्ष्मण पण्डित, रमेश सिंह, कृपानारायण सिंह, नन्दकिशोर पुरीलगायत व्यक्तिले सार्वजनिक जग्गा अतिक्रमण गरी बनाएका घर तथा टहरा हटाएर जग्गा खाली गराइएको हो ।

अतिक्रमणका कारण करिब छ वर्षदेखि रोकिएको करिब ८४ करोड





रुपियाँ लागतको विकास योजना अब अघि बढ्ने भएको महानगरपालिकाले जनाएको छ ।

उक्त योजनाको ठेक्का ‘स्वच्छन्द निर्माण सेवा’ले पाए पनि निर्माणस्थलमा अतिक्रमण गरी संरचना बनाइएकाले काम सुरु हुन सकेको थिएन । सार्वजनिक जग्गा खाली गरिएसँगै अब निर्माण कार्य अघि बढाउने बाटो खुलेको महानगरपालिकाको भनाइ छ ।

लामो समयदेखि रोकिएको विकास योजना सञ्चालन हुने भएपछि स्थानीयवासीले सार्वजनिक जग्गा अतिक्रमण हटाउने महानगरपालिकाको कदमको स्वागत गरेका छन् ।

महानगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका अन्य संरचनासमेत हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

## वीरगञ्ज विश्वविद्यालयका लागि उठेको रकमबारे अनुसन्धान

वीरगञ्ज, असोज ६ गते । वीरगञ्जमा विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले करिब दुई दशकअघि सङ्कलन गरिएको रकमको निकासा तथा प्रयोगबारे नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान थालेपछि अभियानमा सहयोग गरेका शिक्षक तथा कर्मचारी निराश भएका छन् ।

वीरगञ्जको हरिखेतान बहुमुखी क्याम्पसलाई आधार बनाएर विश्वविद्यालय स्थापना गर्ने उद्देश्यसहित तत्कालीन समयमा शिक्षक तथा कर्मचारीले एक दिनको तलब सहयोग गरेका थिए । विश्वविद्यालय स्थापना हुने र त्यसबाट स्थानीय क्षेत्रमा उच्च शिक्षाको विकास हुने अपेक्षासहित विभिन्न स्थानीय तह, उद्योगी(व्यवसायी, सामाजिक सङ्घसंस्था तथा तत्कालीन संविधान सभा सदस्यहरूले समेत आर्थिक सहयोग गरेका थिए ।

विश्वविद्यालय स्थापनाका लागि सञ्चालन गरिएको अभियानबाट दुई करोड रुपियाँभन्दा बढी रकम सङ्कलन भएको बताइएको छ । सङ्कलित रकम वीरगञ्जस्थित कुमारी बैङ्कको खातामा जम्मा गरिएको थियो ।

तर, लामो समय बितिसक्दा पनि विश्वविद्यालय स्थापना प्रक्रिया अघि बढ्न नसकेको र अहिले सोही खाताबाट रकम निकासा भएको विषयमा अनुसन्धान सुरु भएपछि अभियानमा सहयोग गर्नेहरूमा चासो र चिन्ता बढेको छ ।

हरिखेतान बहुमुखी क्याम्पसका




वर्तमान प्रमुख किशोरी रायले विश्वविद्यालय स्थापना वीरगञ्जको शैक्षिक विकास र प्रतिष्ठासँग जोडिएको विषय भएकाले आफूहरूले उत्साहपूर्वक सहयोग गरेको बताउनुभयो ।

“वीरगञ्जमा विश्वविद्यालय बन्ने कुरा वीरगञ्जकै शानको विषय थियो । स्थानीय शिक्षाको विकासमा पनि यसले ठूलो योगदान गर्छ भन्ने लागेको थियो । त्यसैले हामीले उत्साहित भएर सहयोग गरेका थियौँ,” उहाँले भन्नुभयो, “तर यति लामो समय बितिसक्दा पनि विषय अलमलमा रहनु र अहिले रकमको विषयमा अनुसन्धानसम्म हुनुले हामी निराश भएका छौँ ।”

विभिन्न क्षेत्रबाट भएको थियो सहयोग

विश्वविद्यालय स्थापनाका लागि पर्साका तत्कालीन ८२ गाविसमध्ये धेरैले आर्थिक सहयोग गरेका थिए । बारा र पर्साबाट निर्वाचित तत्कालीन संविधान सभा सदस्यहरूले पनि विश्वविद्यालयका लागि रकम उपलब्ध गराएका थिए । स्थानीय उद्योगी, व्यवसायी तथा विभिन्न सामाजिक सङ्घसंस्थाले समेत अभियानमा सहयोग गरेका थिए ।

बारा र पर्साका उद्योगी( व्यवसायीको छाता संस्था वीरगञ्ज उद्योग वाणिज्य सङ्घले मात्रै ५१ लाख रुपियाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो । यद्यपि जग्गा खरिद भएपछि मात्र रकम उपलब्ध गराउने निर्णय भएकाले सङ्घबाट रकम हस्तान्तरण नभएको सङ्घका पूर्वअध्यक्ष प्रदीप केडियाले बताउनुभयो ।

उहाँका अनुसार त्यतिबेला आफू सङ्घको कोषाध्यक्ष रहनुभएको थियो । “जग्गा किनेपछि रकम दिने भन्ने निर्णय भएको थियो । जग्गा खरिद नै नभएपछि हाम्रो तर्फबाट रकम दिनुपर्ने अवस्था आएन,” उहाँले भन्नुभयो ।

विश्वविद्यालय सञ्चालनका लागि पर्साको गण्डक क्षेत्रनजिक रहेको चिनी

बाँकी तेश्रो पेजमा

## सीसीटीभी फुटेज सार्वजनिक भएपछि रञ्जन सिंह राजपूत पक्राउ प्रकरणमा विवाद

वीरगञ्ज, ६ असोज/पर्सामा पसलभित्र भएको विवाद तथा हातपातसम्बन्धी घटनामा हिन्दुवादी अभियन्ता रञ्जन सिंह राजपूत पक्राउ परेपछि विवाद उत्पन्न भएको छ ।

वीरगञ्ज महानगरपालिका क्षेत्रमा भएको उक्त घटनाको सीसीटीभी फुटेज सार्वजनिक भएपछि राजपूतका समर्थक तथा स्थानीय व्यवसायीले घटनाको निष्पक्ष अनुसन्धान गर्न माग गरेका छन् ।

सार्वजनिक सीसीटीभी फुटेजमा केही व्यक्ति पसलभित्र प्रवेश गरी व्यवसायीसँग भनाभन तथा हातपात गरेको देखिएको दाबी गरिएको छ । घटनाका क्रममा आफ्नो भाइको पसल तथा जीउधनको सुरक्षाका लागि राजपूतले प्रतिकार गरेको उनीहरूको



भनाइ छ ।

प्रहरीले भने घटनामा संलग्न व्यक्तिमाथि अनुसन्धान गर्ने क्रममा राजपूतलाई नियन्त्रणमा लिएको जनाएको छ । उनलाई वडा प्रहरी कार्यालय श्रीपुरमा राखिएको बताइएको छ ।

राजपूतका समर्थकले सीसीटीभी फुटेज उपलब्ध हुँदाहुँदै उनलाई मात्र पक्राउ गरी कारबाही अघि बढाउन खोजिएको भन्दै आपत्ति जनाएका छन् । उनीहरूले घटनामा संलग्न सबै व्यक्तिको भूमिका अनुसन्धान गरी दोषी देखिएकामाथि कानुनी कारबाही गर्न र राजपूतलाई रिहा गर्न माग गरेका छन्

स्थानीय व्यवसायी तथा विभिन्न हिन्दुवादी सङ्घसंस्थाका प्रतिनिधिले पनि प्रहरीको कारबाहीप्रति प्रश्न उठाउँदै निष्पक्ष अनुसन्धानको माग गरेका छन् । उनीहरूले एकपक्षीय रूपमा मुद्दा अघि बढाइए आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

घटनामा को(को संलग्न थिए, हातपातको अवस्था तथा राजपूतको भूमिका के थियो भन्ने विषयमा प्रहरी अनुसन्धानपछि मात्रै स्पष्ट हुने देखिएको

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

# रासायनिक मलको अभाव हुन नदिन सरकारको पूर्वतयारी तीव्र

काठमाडौँ, ६ असोज/आगामी खेती सिजनमा किसानले रासायनिक मलको अभाव झेल्न नपरोस् भन्ने उद्देश्यले सरकारले मल खरिद तथा आपूर्तिको पूर्वतयारी तीव्र बनाएको छ

कृषि, वन तथा पर्यावरण मन्त्रालयले समयमै मलको सहज आपूर्ति सुनिश्चित गर्न खरिद प्रक्रिया अघि बढाइएको जनाएको छ। मन्त्रालयका अनुसार मल खरिदका लागि अर्थ मन्त्रालयबाट १० अर्ब रुपियाँ बराबरको स्रोत सुनिश्चितता प्राप्त भइसकेको छ

स्रोत सुनिश्चितता भएपछि उक्त रकमबाट आवश्यक परिमाणमा रासायनिक मल खरिदका लागि छिट्टै बोलपत्र आह्वान गर्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

विगतका वर्षमा खेतीको मुख्य सिजनमा रासायनिक मलको अभाव हुँदा किसानले समस्या भोग्दै आएका थिए। यस वर्ष भने मुख्य खेती सिजन सुरु हुनुअघि नै आवश्यक मलको जोहो गर्ने गरी प्रक्रिया अघि बढाइएको मन्त्रालयको भनाइ छ। मन्त्रालयले किसानको आवश्यकतालाई ध्यानमा राख्दै मल खरिद, भण्डारण तथा आपूर्ति व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेर काम भइरहेको जनाएको छ।

समयमै खरिद प्रक्रिया पूरा गरी आवश्यक मल देशभर पुऱ्याउने व्यवस्था मिलाइने मन्त्रालयले जनाएको छ। सरकारले मल अभावको समस्या दोहोरिन नदिन खरिद तथा आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने तयारी गरेको हो।

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८३/०६/०७ गते**

यस बैंकको तपसिलको ऋणी संस्थाले **सिमरा** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम : समिश्रण कृषि सहकारी संस्था लि.**

**रजिष्टर्ड ठेगाना : भवानीपुर जीतपुर-६, बारा** | **हालको ठेगाना : जीतपुरसिमरा उपमहानगरपालिका-५ (बकुलिया), बारा** | **दर्ता नं: ५४३/०६८/०६९**

**संचालक तथा जमानीकर्ताहरुको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : प्रमोद प्रसाद चौधरी (अध्यक्ष जमानीकर्ता )**<br>बाबु : पसुपति चौधरी<br>बाजे : राम सुरत चौधरी<br>ना प्र नं. : ६४४/१९७०<br>ठेगाना : जीतपुर सिमरा-५, बारा | **४) नाम : मिरा चौधरी (संचालक जमानीकर्ता)**<br>बाबु : देवनाथ प्रसाद चौधरी<br>पति : मनोज प्रसाद चौधरी<br>ना.प्र.नं : १०२१२<br>ठेगाना : भवानीपुर जीतपुर-६, बारा | **७) नाम : रिता देवी चौधरी (संचालक जमानीकर्ता)**<br>बाबु : लक्ष्मी चौधरी<br>पति : दिपेन्द्र कुमार चौधरी<br>ना.प्र.नं : ३३३०७९/५७६<br>ठेगाना : भ. जीतपुर-५, बारा |
| **२) नाम : रामविनय चौधरी (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : जुगेसर चौधरी<br>बाजे : सोहराई चौधरी<br>ना.प्र.नं : ७३२४<br>ठेगाना : भवनीपुर जीतपुर-६, बारा | **५) नाम : कोशिला देवी थरुनी (कोषध्यक्ष जमानीकर्ता)**<br>बाबु : द्वारीका प्रसाद चौधरी थारु<br>पति : रामबाबु चौधरी<br>ना.प्र.नं : ८९२/२४८६<br>ठेगाना : भवनीपुर जीतपुर-२, बारा | |
| **३) नाम : रमेश प्रसाद चौधरी (सचिव जमानीकर्ता)**<br>बाबु : हृदय नारायण चौधरी<br>बाजे : छन्नु चौधरी<br>ना.प्र.नं : ६५/२२१५<br>ठेगाना : जीतपुरसिमरा-५, बारा | **६) नाम : रिना देवी चौधरी (संचालक जमानीकर्ता )**<br>बाबु : सत्यनारायण चौधरी<br>पति : कुन्ज बिहारी चौधरी<br>ना.प्र.नं : ३३३०७९/५८७<br>ठेगाना : भ. जीतपुर-५, बारा | |

**पूर्व-संचालक तथा जमानीकर्ताहरुको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : मनोज प्रसाद चौधरी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : पशुपति चौधरी<br>बाजे : राम सुरत चौधरी<br>ना.प्र.नं : २२४०/०६४५<br>ठेगाना : भवानीपुर जीतपुर-६, बारा | **५) नाम : धन माया थनेत (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : रुप नारायण<br>पति :<br>ना.प्र.नं : १५९/१०५<br>ठेगाना : बेलडिहा-१, नवलपरासी | **९) नाम : मेथरी थरुनी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : सखल पंजियार थारु<br>पति :<br>ना.प्र.नं : ३२/००६९<br>ठेगाना : परसौना-१, बारा |
| **२) नाम : लाल बहादुर चौधरी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : चराउ खाँ थारु<br>बाजे : जलप खाँ थारु<br>ना.प्र.नं : १९०५/७२३५<br>ठेगाना : भवानीपुर जीतपुर-१, बारा | **६) नाम : सिया जानकी कुमारी लेखी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : लक्ष्मी लेखी<br>पति : देव पुकार चौधरी<br>ना.प्र.नं : ३३-०२-७५-०३३३९<br>ठेगाना : जीतपुरसिमरा-५, बारा | **१०) नाम : शुशिला देवी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : हृदय चौधरी थारु<br>पति : केश्वर धामी चौधरी<br>ना.प्र.नं : ३३३०७९/४६२<br>ठेगाना : भ. जीतपुर-६, बारा |
| **३) नाम : पुनम देवी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : सुखदेव राउत थारु<br>पति : खेनाई राउत थारु<br>ना.प्र.नं : ३३३०७९/६३८<br>ठेगाना : भ. जीतपुर-७, बारा | **७) नाम : प्रभु नारायण चौधरी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : बेचन चौधरी थारु<br>बाजे : भगवान चौधरी<br>ना.प्र.नं : ८१७<br>ठेगाना : भवानीपुर जीतपुर-५, बारा | **११) नाम : लालसा देवी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : ठागा खाँ थारु<br>पति : नन्द किशोर चौधरी<br>ना.प्र.नं : ३३३०७९/७३१<br>ठेगाना : भ. जीतपुर-५, बारा |
| **४) नाम : सितलवति चौधरी (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : पाचु खाँ<br>पति : बलीराम चौधरी<br>ना.प्र.नं : ३३३०७९/४१४<br>ठेगाना : भ.जीतपुर-१, बारा | **८) नाम : रघुविर प्रसाद खाँ थारु (पूर्व-संचालक जमानीकर्ता)**<br>बाबु : अलखराज प्रसाद खाँ थारु<br>बाजे :<br>ना.प्र.नं : ३३४५७६<br>ठेगाना : भ. जीतपुर-६, बारा | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री सोहरई चौधरी को नाति श्री जुगेसर चौधरी को छोरा बारा जिल्ला भवानीपुर जीतपुर गा.वि.स. वडा नं. ६ बस्ने **श्री रामविनय चौधरी** को नाममा भूमि प्रशासन कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भ. जीतपुर गा.वि.स. वडा नं. २ को कित्ता नं. ८८ को क्षेत्रफल ०-११-१३ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

२. श्री राम सुरत चौधरी को नाति श्री पसुपति चौधरी को छोरा बारा जिल्ला भ. जीतपुर गा.वि.स. वडा नं. ६ बस्ने **श्री प्रमोद प्रसाद चौधरी** को नाममा भूमि प्रशासन कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भ. जीतपुर गा.वि.स. वडा नं. २ को कित्ता नं. ८७ र वडा नं. ३ को कित्ता नं. ४४७१ को क्षेत्रफल क्रमश: ०-१५-१० र ०-०-१२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

३. श्री पाहुन खाँ चौधरी को नाति श्री छन्नु चौधरी को छोरा बारा जिल्ला भवानीपुर जीतपुर गा.वि.स. वडा नं. ६ बस्ने **श्री हृदय नारायण चौधरी** को नाममा भूमि प्रशासन कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भ. जीतपुर गा.वि.स. वडा नं. ३, ५ र ५ को कित्ता नं. क्रमश: २७४५, २८७ र ५८१ को क्षेत्रफल क्रमश: ०-३-४-०, ०-४-५-० र ०-५-७-८ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

४. श्री देवनाथ प्रसाद चौधरी को छोरी श्री मनोज प्रसाद चौधरी को श्रीमती बारा जिल्ला भवानीपुर जीतपुर गा.बि.स. वडा नं. ६ बस्ने **श्री मिरा चौधरी** को नाममा भूमि प्रशासन कार्यालय सिमरा बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भ. जीतपुर गा.वि.स. वडा नं. ३ को कित्ता नं. ५१३० को क्षेत्रफल ०-०-८-८ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत।

**National Co-operative Bank Limited (NCBL) राष्ट्रिय सहकारी बैंक लिमिटेड**

केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

## सीसीटीभी फुटेज...

छ। प्रहरीको आधिकारिक अनुसन्धान निष्कर्ष र घटनामा संलग्न अन्य व्यक्तिमाथि गरिएको कारबाहीबारे भने थप विवरण सार्वजनिक हुन बाँकी छ।

## वीरगञ्ज विश्वविद्यालयका...

मिलको जग्गा प्रयोग गर्ने सम्भावनाबारे त्यसबेला छलफल भएको थियो। तर, आवश्यक जग्गा व्यवस्थापन हुन नसकेपछि विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढ्न सकेन।

खाताबाट रकम निकासाबारे अनुसन्धान

विश्वविद्यालय स्थापनाका लागि सङ्कलन गरिएको रकम वीरगञ्जस्थित कुमारी बैङ्कको शाखामा रहेको खातामा जम्मा गरिएको थियो। सोही खाताबाट रकम निकासा भएको विषयमा अहिले सीआईबीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

प्रहरीका अनुसार वीरगञ्ज विश्वविद्यालयको नाममा कुमारी बैङ्कको वीरगञ्ज शाखामा रहेको खाताबाट तत्कालीन हरिखेतान बहुमुखी क्याम्पसका प्रमुख भगवानप्रसाद यादवले चेकमार्फत रकम निकासा गरेको विषय अनुसन्धानमा रहेको छ।

चेक कीर्ते गरी रकम निकासा गरेर व्यक्तिगत रूपमा अपचलन गरेको आरोपमा अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ। यद्यपि अनुसन्धान पूरा भई निष्कर्ष नआएसम्म आरोप पुष्टि भइसकेको मान्न मिल्दैन।

सीआईबीले अनुसन्धानसम्बन्धी फाइल जिल्ला प्रहरी कार्यालय पर्सामा पठाएको छ। पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

"बैङ्कसँग आवश्यक विवरण मागेर बुझ्ने काम भइरहेको छ। अनुसन्धानका क्रममा प्राप्त तथ्यका आधारमा थप प्रक्रिया अघि बढ्छ," उहाँले भन्नुभयो

यसैबीच, जिल्ला प्रशासन कार्यालय पर्साले पनि गत साउन १ गते कुमारी बैङ्कको वीरगञ्ज शाखालाई पत्राचार गरी विश्वविद्यालयको खातासम्बन्धी विवरण मागेको थियो।

बैङ्कले साउन ११ गते प्रशासन कार्यालयलाई पठाएको जवाफमा वीरगञ्ज विश्वविद्यालयको नाममा रहेको ००३०००३८९१८००००१ नम्बरको चल्ती खाताबाट भगवानप्रसाद यादवले चेकमार्फत रकम झिकेको विवरण उपलब्ध गराएको जनाएको छ।

यस विषयमा तत्कालीन क्याम्पस प्रमुख यादवसँग प्रतिक्रिया लिन खोज्दा उहाँले विस्तृत कुराकानीका लागि भेटेर कुरा गर्ने बताउँदै फोन काट्नुभएको थियो। त्यसपछि उहाँ सम्पर्कमा आउनुभएन। दुई दशकअघि वीरगञ्जमा विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले सुरु गरिएको अभियानले गति लिन नसकेको अवस्थामा अहिले सङ्कलित रकमको निकासा र प्रयोगबारे अनुसन्धान सुरु भएपछि अभियानमा संलग्न शिक्षक, कर्मचारी तथा सहयोगकर्ताले रकमको अवस्थाबारे स्पष्ट जानकारी सार्वजनिक हुनुपर्ने अपेक्षा गरेका छन्।

# प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन न्युयोर्क प्रस्थान



काठमाडौँ, ६ असोज /प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको छ ।

प्रधानमन्त्री शाह कतार एयरवेजको नियमित उडानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै कतारको दोहा भएर न्युयोर्कतर्फ प्रस्थान गर्नुभएको प्रधानमन्त्रीको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो। न्युयोर्कमा २२ देखि २८ सेप्टेम्बरसम्म महासभाको उच्चस्तरीय छलफल तथा साधारण बहस सञ्चालन हुँदैछ ।

प्रधानमन्त्री शाहलाई दोहास्थित हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा कतारका लागि नेपालका कार्यवाहक राजदूत कुमार राई तथा दूतावासका वरिष्ठ अधिकारीले स्वागत गर्नुहुनेछ। दोहाबाट उहाँ बुधबार स्थानीय समयअनुसार बिहान १:४५ बजे न्युयोर्कतर्फ प्रस्थान गर्ने कार्यक्रम छ।

न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्री शाहलाई संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत शरदराज अरनलगायत अधिकारीले स्वागत गर्नुहुनेछ ।

न्युयोर्क पुगेपछि प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा पुग्नुहुनेछ । त्यहाँ परराष्ट्र सचिव, संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत तथा न्युयोर्कस्थित नेपालका महावाणिज्यदूतबाट भ्रमणका विषयमा जानकारी तथा ब्रिफिङ लिनुहुने कार्यक्रम छ ।

त्यसपछि प्रधानमन्त्री शाहको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधिहरूले आयोजना गर्ने समारोहमा उहाँ सहभागी हुनुहुनेछ।

असोज ८ गते प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्नुहुनेछ । त्यसलगत्तै उहाँले महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्नुहुने कार्यक्रम छ

महासभामा नेपालले जलवायु परिवर्तन, जलवायुजन्य विपद्, जलवायु न्याय तथा विकासशील मुलुकका चुनौतीलगायतका विषय उठाउने तयारी गरेको छ। हालैको भोटेकोशी बाढीबाट भएको क्षति र त्यसको पुनर्निर्माण तथा जलवायु न्यायको विषय पनि नेपालको प्राथमिकतामा रहने जनाइएको छ।

असोज ९ गते प्रधानमन्त्री शाह न्युयोर्कबाट दोहातर्फ प्रस्थान गर्नुहुनेछ । उहाँ असोज १० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ।

# डोल्पामा सडक ठेक्का प्रकरणमा आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




काठमाडौँ, ६ असोज/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेलसहित आठ जनाविरुद्ध ७३ लाख ६१ हजार ९५३ रुपियाँ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७८/७९ मा त्रिपुरासुन्दरी नगरपालिका-६ स्थित हरियापानी-पालङ्-माझफाल हुँदै रुकुमसम्म सडक निर्माण योजनाको ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत कार्य गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरिएको हो ।

आयोगका अनुसार कम रकम कबोल गर्ने बोलपत्रदातालाई अयोग्य ठहर गरी बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत तथा ठेक्का प्रदान गरिएको थियो । यसबाट सरकारी स्रोतमा क्षति पुऱ्याएको आरोपमा अख्तियारले अनुसन्धान अघि बढाएको थियो ।

मुद्दा दायर हुनेमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत लालप्रसाद पोखरेल, प्रशासकीय अधिकृत हिराचन्द्र धराला, वरिष्ठ लेखा सहायक रुपचन्द्र बुढा, शिक्षा अधिकृत भीमबहादुर थापा र एमआइएस अपरेटर शरिचन्द्र विष्ट रहेका छन् ।

त्यसैगरी, सडक निर्माणसम्बन्धी खरिद प्रक्रियाको मूल्याङ्कनमा संलग्न बोलपत्र मूल्याङ्कन समितिका सदस्य शिशिरकुमार गुरुङ, छल निर्माण सेवा प्रालि दुनै, डोल्पा र सो निर्माण सेवाका सञ्चालक दिपचन्द्र रोकायाविरुद्ध पनि आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम ७३ लाख ६१ हजार ९५३ रुपियाँ बिगो कायम गरी बिगो असुल तथा कानुनबमोजिम सजायको मागदाबी गरेको छ ।

आयोगले मङ्गलबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको जनाएको छ ।

# कोहलपुरको होटलबाट अनलाइन जुवा खेलाउने ४२ जना पक्राउ




नेपालगन्ज, ६ असोज/ बाँकेको कोहलपुर नगरपालिका-११ स्थित होटल म्याक्समा अनलाइन जुवा तथा सट्टेबाजी भइरहेको सूचनाका आधारमा प्रहरीले छापा मार्दा ४२ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रतितसिंह राठौरका अनुसार मंगलबार राति करिब ८ बजे होटलमा छापा मारिएको हो। पक्राउ पर्नेमा ४० जना भारतीय र दुई जना नेपाली नागरिक रहेका छन्। प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेकाहरू अनलाइन सट्टेबाजीमा संलग्न रहेको खुलेको छ। उनीहरूको साथबाट २८ थान ल्यापटप र ७८ थान मोबाइल फोन बरामद गरिएको छ ।

होटलबाट अन्य विद्युतीय उपकरणसमेत बरामद भएको र पक्राउ परेका व्यक्तिको संलग्नता तथा बरामद सामग्रीबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक राठौरले जानकारी दिनुभयो ।

"होटलमा ठूलो परिमाणमा अनलाइन जुवा खेलाउने कार्य भइरहेको जानकारीका आधारमा छापा मारिएको हो। अन्य सबै जानकारी जुटाउने कार्य चलिरहेको छ," उहाँले भन्नुभयो ।

बरामद विद्युतीय उपकरणको समेत सूक्ष्म अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनासम्बन्धी विस्तृत विवरण अनुसन्धानपछि सार्वजनिक गरिने जनाइएको छ ।

पछिल्लो समय सामाजिक सञ्जालमार्फत अनलाइन जुवा तथा सट्टेबाजीको प्रचारप्रसार बढेको भन्दै प्रहरीले त्यस्ता गतिविधिमाथि निगरानी बढाएको जनाएको छ । सोही क्रममा होटल म्याक्समा ठूलो परिमाणमा अनलाइन जुवा तथा सट्टेबाजी भइरहेको सूचना पाएपछि कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

# रेशम चौधरीको कैद माफी सर्वोच्चद्वारा सदर



काठमाडौँ, ६ असोज / सर्वोच्च अदालतले रेशम चौधरीलाई दिइएको कैद माफीसम्बन्धी तत्कालीन राष्ट्रपति रामचन्द्र पौडेलको निर्णय सदर गरेको छ । न्यायाधीशद्वय शारङ्गा सुवेदी र श्रीकान्त पौडेलको इजलासले चौधरीलाई कैद माफी दिने राष्ट्रपतिको निर्णयविरुद्ध परेको रिट खारेज गर्ने फैसला गरेको हो। टीकापुर घटनामा ज्यान गुमाएका प्रहरी निरीक्षक केशव बोहराकी पत्नी शारदा कडायतले चौधरीलाई दिइएको कैद माफीविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । सर्वोच्चको पछिल्लो फैसलासँगै उक्त रिट खारेज भएको छ ।

सरकारको सिफारिसमा तत्कालीन राष्ट्रपति पौडेलले २०८० जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा चौधरीको बाँकी कैद माफी गर्नुभएको थियो । कैद माफी पाएपछि चौधरी कारागारबाट रिहा हुनुभएको थियो ।

यसअघि सर्वोच्च अदालतले २०८० जेठ २ गते टीकापुर घटनामा चौधरीलाई दोषी ठहर गर्दै उच्च अदालत दिपायलले गरेको जन्मकैदको फैसला सदर गरेको थियो ।

२०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भएको घटनामा एक नाबालकसहित आठ सुरक्षाकर्मीको मृत्यु भएको थियो । उक्त घटनामा जिल्ला अदालत कैलाली र उच्च अदालत दिपायलले चौधरीलाई जन्मकैदको फैसला सुनाएका थिए ।

राष्ट्रपतिबाट भएको कैद माफीविरुद्ध परेको रिट सर्वोच्च अदालतले खारेज गरेपछि चौधरीलाई दिइएको कैद माफीसम्बन्धी कानुनी विवादको न्यायिक निरुपण भएको छ।







## पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा-सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३